जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २९५ २०८३ साल असार २४ गते बुधबार (8 July 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सङ्घीय राजधानी नै डुबानको... ३ पृष्ठमा : नृत्यदेवी र पद्मपाणि ... ३ पृष्ठमा हर्मुजमा ट्याङ्करमाथि प्रहार...

# भन्सार छलेका सामानसहित एक पक्राउ









**दैनिक समाचारदाता राजविराज, २३ असार ।**

सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट भन्सार छलेका सामानसहित एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले सोमबार जिल्लाको बोदेवर्साइन नगरपालिका ४ कुशमाहर चौकस्थित सडक खण्डमा चेक जाँच गर्ने क्रममा मोटरसाइकलमा राखी ल्याउँदै गरिएको १ लाख ३९ हजार ३ सय मुल्य बराबरको भन्सार छलेका किरानाका सामानसहित सोही नगरपालिका १ निवासी फुलगेन्द्र साहलाई पक्राउ गरेको हो ।

भारतबाट अबैध रुपमा भन्सार छलि तथा चोरी पैठारी गरी ल्याइएको किरानाका सामानहरु पक्राउ गरि आवश्यक कारवाहीको लागि राजविराज भंन्सार कार्यालय तिलाठीमा बुझाईएको प्रहरीले जनाएको छ ।

यसअघि जिल्ला प्रहरी कार्यालय राजविराज सप्तरीबाट खटिएको प्रहरी टोलीले शनिबार गस्ती गर्ने क्रममा जिल्लाको तिलाठी कोइलाडी गाँउपालिका वडा नं.७ मान्सापुर चौकमा बेवारिसे अवस्थामा रहेको कपडा तथा किरानाका सामानहरु बरामद गरेको छ ।

राजविराजबाट हनुमाननगर जाने सडक खण्ड मान्सापुर चौक पुल नजिक सडकको दक्षिण किनारमा बोराका पोकाहरु बेवारिसे अवस्थामा रहेको प्रहरी टोलीले उक्त बोराका पोकाहरु खोली हेर्दा विभिन्न किसिमका कपडा र किरानाका सामानहरु बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी तथा प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए ।

प्रहरीका अनुसार १ लाख २० हजार ९ सय ३० बराबरको विभिन्न कपडा र किराना सामानहरु सोमबारै आवश्यक कारवाहीको लागि राजविराज भन्सार कार्यालय तिलाठीमा बुझाईएको छ ।

# सात जिल्लामा बर्डफ्लु नियन्त्रण

काठमाडौं, २३ असार (रासस) ।

झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा बर्डफ्लु रोग नियन्त्रणमा आएको छ ।

बर्डफ्लु सङ्क्रामक रोग हो । पन्छीजन्य यो रोग पछिल्लोपटक ११ जिल्लामा फैलिएको थियो । पशुसेवा विभागका अनुसार चार जिल्ला क्रमशः काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोकमा बर्डफ्लु नियन्त्रणमा आउन सकेको छैन ।

रोगलाई नियन्त्रण गर्न विभागले प्रविधिक टोली परिचालन गरी सङ्क्रमित क्षेत्रका सम्पूर्ण पन्छी, पन्छीजन्य पदार्थ तथा पन्छी उत्पादन सामग्री नष्ट गरी सुरक्षित व्यवस्थापन गरेको विभागका प्रवक्ता डा मुकुल उपाध्यायले जानकारी दिनुभयो ।

रोग नियन्त्रणका क्रममा पशु क्वारेन्टाइन कार्यालयले उच्च सतर्कता अपनाएर गस्ती परिचालन गरी अवैध रुपमा पैठारी गरिएका पन्छी नष्ट गरिएको थियो । हाल रोग नियन्त्रणमा आएपश्चात् ओसारपसार खुकुलो बनाइएको विभागले जनाएको छ ।

विभागका प्रवक्ता उपाध्यायका अनुसार बर्डफ्लु पन्छीमा लाग्ने उच्च मृत्युदर भएको सङ्क्रामक रोग भएकाले रोग देखा परेको क्षेत्रमा सङ्घ, प्रदेश तथा स्थानीय तहको समन्वय र सहकार्यमा आवश्यक जनशक्ति परिचालन गरिएको जाकारी दिनुभयो ।

## कर परामर्श सेवा केन्द्र

**राजविराज-३**

**कर्मचारी आवश्यकता**

**दोश्रो पटक प्रकाशित** मिति : २०८३/०३/२३

यस परामर्श केन्द्रका लागि निम्न अनुसारको कर्मचारीको आवश्यकता भएकोले यो सूचना दोश्रो पटक प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र इच्छुक उम्मेदवारहरुले आ-आफ्नो प्रमाणपत्रको प्रतिलिपि यस परामर्श केन्द्रमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

१ पद : कम्प्युटर अपरेटर
२ संख्या : २ (दुई)
३. योग्यता : बाणिज्य विषयमा न्यूनतम +२ उत्तिर्ण भएको ।
४. पारिश्रमिक : आपसी सहमतिमा तय गरिने छ ।
५. परीक्षाको किसिम : प्रतियोगात्मक र अन्तरवार्ता.
५. सम्पर्क नं. : ९८०१५३०५७७/९८०४७९८८०८

**नोट :** कम्प्युटरमा ट्याली, एक्सल र नेपाली टाईपिङमा दक्षता प्राप्त हुनुपर्ने छ ।

# आफ्नै श्रीमतीको हत्या आरोपमा फरार पति पक्राउ

**दैनिक समाचारदाता राजविराज, २३ असार ।**

सप्तरीको बोदेवर्साइन नगरपालिकाबाट प्रहरीले आफ्नै श्रीमतीको हत्या आरोपमा फरार पतिलाई पक्राउ गरेको छ ।

पक्राउ पर्ने जिल्लाको बोदेबरसाईन नगरपालिका वडा नं. ४ सिल्हटका २५ वर्षीय रुन्जे सदाय छन् ।

प्रतिवादी सादयले आफ्नै श्रीमती गीता देवी सदायको २०७६ पुस १७ गते राति १२ बजेको समयमा हत्या गरेको आरोप छ । उक्त घटनापश्चात फरार रहँदै आएका सदायलाई आफ्नै घर सिल्हटमा लुकुछिपी बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको जनाएको छ ।

प्रहरीका अनुसार उनीहरुबीच छोरीको जन्म मृत्यु भएपछि सोही विषयलाई लिएर विवाद भएको थियो । त्यसै विवादका कारण रुन्जेले श्रीमतीको हत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी तथा प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले बताए ।

मृतक गीतका बुवा सुकराती सदाको जाहेरी अनुसार मुद्दा दर्ता भई सप्तरी जिल्ला अदालतबाट ३ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको सप्तरी प्रहरीले जनाएको छ ।

# एसइई पूरक परीक्षामा ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण

भक्तपुर, २३ असार (रासस) ।

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा ( एसइई) २०८२ को पूरकअर्थात् ग्रेडवृद्धि परीक्षामा ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

बोर्डले पूरक परीक्षाको नतिजा सार्वजनिक गरेको जानकारी दिँदै परीक्षामा ८३ हजार ५२३ जनाअर्थात् ६४.६८

*बाँकी अन्तिम पृष्ठमा*

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,

- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सङ्घीय राजधानी नै डुबानको चपेटामा

**प्रगति ढकाल**
काठमाडौँ, २३ असार (रासस)।

अहिले मनसुन याम, मौसमको कुनै भर हुँदैन। बिहान टन्टलापुर घाम लागिरहेको हुन्छ भने साँझ घर फर्कने बेला एक्कासी मुसलधारे वर्षा हुन थाल्छ। त्यसपछि सुरू हुन्छ, उपत्यकावासीको अर्को चिन्ता- कतै सडक जलमग्न त हुने होइन ? सवारी चालकलाई डुबेको सडक छिचोल्नुपर्ने बाध्यता हुन्छ भने पैदलयात्री सुरक्षित पाइला टेक्ने बाटो खोज्दै भौँतारिनुपर्छ।

गत बिहीबार साँझको व्यस्त समय थियो। सरकारी तथा विभिन्न निजी कार्यालयका कर्मचारीहरू दिनभरको काम सकेर घर फर्कने तयारीमा थिए। विद्यालय र कलेजका विद्यार्थीहरू पनि पुस्तकका झोला बोकेर आफ्ना गन्तव्यतर्फ लागिरहेका थिए। सडकमा सवारीसाधनको चाप बढ्दो थियो र राजधानी आफ्नो नियमित गतिमा चलिरहेको थियो। एक्कासी आकाशमा कालो बादल मडारिएर केही क्षणमै झमझम पानी पर्न थाल्यो। वर्षा त्यति धेरै थिएन तर त्यसको असर भने केही मिनेटमै देखियो।

मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार नजिकैको माइतीघर र अनामनगर क्षेत्र नै जलमग्न हुन थाल्यो। यीलगायत उपत्यका अन्य सडकसमेत जलमग्न बने। सडकमा गुडिरहेका सवारीसाधन पानीमै रोकिन थाले, यात्रुहरू अलपत्र परे र पैदल यात्रुहरू सुरक्षित बाटो खोज्दै भौँतारिन बाध्य भए। कतिपय कर्मचारी समयमै घर पुग्न सकेनन्। कतिपयले जोखिम मोलेर पानीमाथि मोटरसाइकल कुदाइरहेका थिए। विशेषगरी दुईपाङ्ग्रे सवारी चालकहरूका लागि डुबानले थप चुनौती सृजना गरिरहेको थियो। सडकको खाल्डाखुल्डी पानीमुनि लुकेका थिए, जसले दुर्घटनाको जोखिम अझ बढाएको थियो।

यो दृश्य बिहीबार साँझको मात्रै होइन, पछिल्ला वर्षहरूमा राजधानी बर्सेनि डुबानमा परेको छ। मनसुन समयमा भारी वर्षा नभए पनि सडक जलमग्न हुनु, सवारी आवागमन अवरुद्ध हुनु र जनजीवन प्रभावित हुनु उपत्यकावासीका लागि लगभग नियमित समस्याजस्तै बनेको छ। प्रश्न उठ्छ- भारी वर्षा नै नभएको अवस्थामा पनि किन डुबानमा पर्छ काठमाडौँ उपत्यका ? विशेषज्ञहरूका अनुसार अव्यवस्थित सहरीकरण, साँघुरा तथा अवरुद्ध ढल प्रणाली, नदी-खोलाको अतिक्रमण, सडक निर्माणका क्रममा पानी निकासलाई बेवास्ता गर्नु र बढ्दो कङ्क्रिट संरचनाले वर्षाको पानी जमिनमा सोसिन नपाउनु यसका मुख्य कारण हुन्। केही वर्षाअघि सहज रूपमा बग्ने पानी अहिले सडक र बस्तीमै थुनिन थालेको छ।

**ढल प्रणालीमा बढ्दो चापले समस्या**

काठमाडौँ उपत्यका खानेपानी लिमिटेड ( केयुकेएल)ले उपत्यकामा पछिल्ला वर्षहरूमा देखिएको सडक डुबानको समस्या ठूलो वर्षाका कारणमात्र नभई ढल प्रणालीमा बढ्दो चाप, प्लास्टिकजन्य फोहर र पूर्वाधार निर्माणबीचको समन्वय अभावका कारण पनि जटिल बन्दै गएको जनाएको छ। केयुकेएलका प्रवक्ता प्रकाशकुमार राईका अनुसार केयुकेएलले समय-समयमा ढल सफाइ तथा मर्मतको काम गर्दै आए पनि प्लास्टिकका झोला, बोतल, प्याकेजिङ सामग्रीलगायतका फोहर ढलमा फाल्ने प्रवृत्तिले समस्या समाधान हुनसकेको छैन। "ढल प्रणालीमा यस्ता फोहर जम्मा हुँदा पानीको बहाव अवरुद्ध हुने र सामान्य वर्षामा समेत सडकमा पानी जम्ने अवस्था सृजना हुने गरेको छ", उहाँले भन्नुभयो, "उपत्यकाका धेरै स्थानमा खोलातर्फ बग्नुपर्ने ढलको पानी उल्टै सडकमा फैलिने समस्या देखिएको छ। हामीले बेलाबेलामा ढल सफा गर्ने काम गरिरहेका हुन्छौँ, तर प्लास्टिकजन्य फोहर र निर्माण सामग्रीका कारण फेरि पनि ढल जाम हुने समस्या दोहोरिन्छ।"

राईका अनुसार विशेषगरी मनसुनको समयमा सडक विस्तार, मर्मत तथा अन्य निर्माण गतिविधिबाट बगेको माटो, बालुवा र धुलो ढलभित्र जम्मा हुँदा पानी निकास प्रणाली थप प्रभावित हुने गरेको छ। उहाँले सडक, ढल र अन्य सहरी पूर्वाधार निर्माण गर्ने निकायबीच पर्याप्त समन्वय नहुँदा पनि समस्या बढेको उल्लेख गर्नुभयो। सडक निर्माण वा विस्तारका क्रममा आवश्यक ढलको क्षमता, आकार र निकास प्रणालीको पर्याप्त अध्ययन तथा योजना नबन्दा वर्षाको पानी व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको राईको भनाइ छ। "कुन क्षेत्रमा कति क्षमताको ढल आवश्यक पर्छ भन्ने विषयमा सम्बन्धित निकायबीच समन्वय आवश्यक छ। आवश्यकताअनुसार ढलको आकार विस्तार गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो।

प्रवक्ता राईले काठमाडौँ उपत्यकाको तीव्र सहरीकरण र बढ्दो जनसङ्ख्याले पुरानो ढल प्रणालीमाथि थप दबाब सृजना गरेको बताउनुभयो। विगतमा वर्षाको पानी जमिनले सोस्ने क्षमता धेरै भए पनि अहिले अधिकांश खुला क्षेत्र कङ्क्रिट संरचनाले ढाकिएका कारण पानी सिधैँ ढल प्रणालीमा पुग्ने गरेको उहाँले उल्लेख गर्नुभयो। उहाँका अनुसार घरका छाना, आँगन र पक्की संरचनाबाट बग्ने वर्षाको पानी पनि ढलमै मिसिने भएकाले केही समयमै ढल प्रणालीको क्षमता नाघ्ने अवस्था उत्पन्न हुने गरेको छ।

जलवायु परिवर्तनका कारण वर्षाको प्रकृतिमा आएको परिवर्तनले पनि समस्या थप गम्भीर बनाएको उहाँको भनाइ छ। "पहिला वर्षा लामो समयसम्म मध्यम रूपमा हुन्थ्यो, अहिले छोटो समयमा धेरै पानी पर्ने प्रवृत्ति बढेको छ। यसले पुरानो ढल प्रणालीलाई थप चुनौती दिएको छ", राईले बताउनुभयो। उहाँले सहरी डुबानको समस्या समाधानका लागि ढलको क्षमता विस्तार, नियमित सरसफाइ, प्लास्टिक फोहर व्यवस्थापन, वर्षाको पानी सङ्कलन तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो। साथै, दीर्घकालीन समाधानका लागि पर्याप्त आर्थिक स्रोतको व्यवस्था र आधुनिक ढल पूर्वाधार निर्माणमा लगानी बढाउनुपर्नेमा राईले जोड दिनुभयो।

**ढलको चाप घटाउन अकासेपानी पुर्नभरण आवश्यक**

काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकृत सन्तोष बरालले उपत्यकामा दीर्घकालीन ढल व्यवस्थापन र भूजल पुनर्भरणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको बताउनुभएको छ। उहाँका अनुसार उपत्यकामा ढललाई सिधैँ नदी तथा खोलामा मिसाउने परम्परागत प्रणालीलाई क्रमशः अन्त्य गर्दै प्रशोधनपछि मात्र पानी नदीमा प्रवाह गर्ने नीतिअनुरूप योजना कार्यान्वयन सुरु भएको छ। बरालले वर्षाको पानीलाई जमिनभित्र पुनर्भरण गर्ने उद्देश्यले विद्यालय, कलेज तथा सार्वजनिक भवनहरूमा वर्षाको पानी पुनर्भरण आयोजना सञ्चालन गरिएको जानकारी दिनुभयो। ती आयोजनामार्फत छत तथा खुला क्षेत्रबाट सङ्कलित वर्षाको पानी जमिनमुनि पठाएर भूजलको स्तर संरक्षण गर्ने प्रयास भइरहेको उहाँको भनाइ छ।

बरालका अनुसार त्रिचन्द्र बहुमुखी क्याम्पसलगायतका सार्वजनिक क्याम्पस तथा विद्यालयमा पुनर्भरण प्रणाली स्थापना गरिएको छ। त्रिचन्द्र बहुमुखी क्याम्पसको छतबाट सङ्कलन गरिएको वर्षाको पानीलाई पुनर्भरण प्रणालीमार्फत रानीपोखरी क्षेत्रमा पठाउने व्यवस्था गरिएको उहाँले बताउनुभयो। "हालसम्म उपत्यकाका विभिन्न स्थानमा ३०० भन्दा बढी पुनर्भरण संरचना निर्माण भइसकेका छन्", बरालले भन्नुभयो।

उहाँले वर्षाको पानीसँगै बगेर आउने धुलो, माटो र हिलो ढल प्रणालीभित्र प्रवेश गर्दा ढल जाम हुने समस्या बढ्दै गएको बताउनुभयो। विशेषगरी मनसुनको समयमा सडक तथा निर्माणस्थलबाट बग्ने लेदो र फोहरका कारण ढलको पानी निकास प्रभावित हुने गरेको उहाँको भनाइ छ। बरालले ढल सफाइको काम नियमित रूपमा भइरहेको भए पनि फोहर तथा माटोको अत्यधिक चापले समस्या दोहोरिने गरेको उल्लेख गर्नुभयो। उहाँले सहरी डुबानको समस्या समाधानका लागि सङ्घीय सरकार, स्थानीय तह तथा सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको बताउँदै स्थानीय तहहरूले पनि ढल निकास सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो। "ढल व्यवस्थापनका लागि प्रभावकारी समन्वय, वर्षा पानी व्यवस्थापन र भूजल पुनर्भरणलाई सँगसँगै अघि बढाउन सके सहरी डुबानको समस्या दीर्घकालीन रूपमा समाधान गर्न सकिन्छ", बरालले भन्नुभयो।

**पानी छिर्ने बाटो बन्द हुँदा सहरी डुबानको बढ्दो जोखिम**

भूगर्भविद् डा सुबोध ढकालले भारी वर्षा नहुँदा पनि काठमाडौँ उपत्यकामा बढ्दो सहरी डुबानको समस्या अव्यवस्थित सहरीकरण, भूजल पुनर्भरणमा आएको कमी तथा कमजोर ढल व्यवस्थापनका कारण सृजना भएको बताउनुभएको छ। उहाँका अनुसार मनसुन सुरु हुनुअघि नै ढल, खोला र नाला सफा गर्ने कार्यलाई प्राथमिकता दिएको भए सडक डुबानका धेरै घटनालाई न्यूनीकरण गर्न सकिन्थ्यो। "वर्षालाई रोक्न नसकिने भए पनि पानीको निकासलाई व्यवस्थापन गर्न खुला जमिन राखेको भए आकाशबाट परेको आधा पानी जमिनमुनि छिर्न पाउँथ्यो र क्षति घटाउन सकिन्थ्यो", उहाँले भन्नुभयो, "विगतमा आकाशबाट परेको पानीको ठूलो हिस्सा जमिनभित्र सोसिने र भूजल पुनर्भरण हुने गरेको थियो तर अहिले कङ्क्रिट संरचनाको विस्तारले त्यो प्राकृतिक प्रक्रिया अवरुद्ध भएको छ।"

पछिल्लो समय सडक, पार्किङ क्षेत्र, घर तथा अन्य संरचनामा सिमेन्ट र कङ्क्रिटको प्रयोग बढेसँगै अधिकांश पानी सतहमै बग्ने गरेको भन्दै यसले छोटो समयमा धेरै पानी ढल प्रणालीमा पुग्ने र डुबानको समस्या बढाउने गरेको ढकालले बताउनुभयो। भूगर्वीय बनोटका आधारमा जमिनको पानी सोस्ने क्षमता फरकफरक हुने उहाँले बताउनुभयो। ग्राभेल र बालुवायुक्त क्षेत्रमा पानी सजिलै जमिनभित्र प्रवेश गर्न सक्ने भए पनि कुनै स्थानमा पानी कम मात्रामा सोसिने उहाँको भनाइ छ।

डा ढकालले बढ्दो सहरीकरणसँगै भूजलको अत्यधिक दोहन भइरहेको भए पनि पुनर्भरणका प्रयास पर्याप्त नभएको बताउनुभयो। खाली जग्गा, खुला आँगन तथा सार्वजनिकस्थलहरूमा वर्षाको पानी जमिनभित्र पठाउने संरचना निर्माण गर्न सके भूजल संरक्षण र डुबान नियन्त्रण दुवैमा सहयोग पुग्ने उहाँले उल्लेख गर्नुभयो। ढकालका अनुसार घर निर्माण गर्दा सबै भूभाग कङ्क्रिटले ढाक्नुको सट्टा केही भाग खुला छाड्ने र वर्षाको पानी जमिनभित्र पठाउने व्यवस्था गर्नुपर्छ। "यदि प्रत्येक घरमा थोरैमात्र खुला जमिन राखेर पुनर्भरणको व्यवस्था गर्ने हो भने त्यसको सामूहिक प्रभाव निकै ठूलो हुनसक्छ", उहाँले भन्नुभयो।

ढकालका अनुसार छतबाट खेर जाने वर्षाको पानी सङ्कलन गरेर ट्याङ्कीमा राख्ने र हिउँदको समयमा प्रयोग गर्न सकेमा पनि डुबानको समस्या न्यूनीकरण गर्न सकिन्छ। भविष्यमा नयाँ सहर तथा बस्ती विकास गर्दा खुला क्षेत्र, वर्षाको पानी व्यवस्थापन र भूजल पुनर्भरणलाई अनिवार्य मापदण्डका रूपमा समावेश गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। "सहरीकरणको गतिअनुसार ढल व्यवस्थापन प्रणालीको सुधार आवश्यक छ", उहाँले भन्नुभयो, "अकासे पानीलाई सकेसम्म घरघरमै सङ्कलन र व्यवस्थापन गर्न सके सहरी डुबानका समस्या न्यूनीकरण गर्न सकिन्छ।"

काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले वर्षको पानी सहज रूपमा खोला पठाउनका लागि उपत्यकाका खोलाकिनार तथा ढलमा जम्मा भएका फोहर व्यवस्थापन भइसकेको जानकारी दिनुभयो। "हामीले फोहर सफा गरे पनि एकैछिनमा धेरै वर्षा हुने भएकाले काठमाडौँमा डुबानको समस्या हट्न सकेको छैन", उहाँले भन्नुभयो, "कसरी उपत्यका डुबान हुन नदिने भनेर प्रयास त गरेका छौँ। पछिल्लो वर्षाको प्रकृतिका कारण डुबान भएको छ।" मानन्धरका अनुसार डुबान हुँदा काठमाडौँ महानगरपालिका उद्धारका लागि तयारी अवस्था रहेको छ।

**जलवायुका कारण वर्षाको स्वरुप परिवर्तन**

जल तथा मौसम विज्ञान विभागको मौसमविद् बिनु महर्जनले छोटो अवधिमा धेरै वर्षा हुँदा डुबानको समस्या हुने बताउनुभयो। "पहिला पहिला दुई-तीन दिनसम्म हल्का हल्का वर्षा भइरहन्थ्यो। तर दिनभरजस्तो हुने वर्षा अहिले एक घण्टा जतिमा हुने गरेको छ", उहाँले भन्नुभयो, "उदाहरणका लागि, बबरमहलमा बिहीबार साँझ ४७ मिलीमिटर हाहाहारीमा वर्षा एक घण्टाको अवधिमै भयो, दिनभरिको समयमा ४७ मिलीमिटर वर्षा भएको भए डुबान नहुन सक्थ्यो। पछिल्लो समय वर्षाको स्वरुप परिवर्तन छ।"

कृषि, वन तथा पर्यावरण मन्त्रालयका प्रवक्ता तथा जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकालले पछिल्ला वर्षहरूमा छोटो समयमा अत्यधिक वर्षा हुने घटनामा वृद्धि हुनु जलवायु परिवर्तनको सम्भावित प्रभावका रूपमा लिन सकिने बताउनुभएको छ। यद्यपि, यसबारे थप वैज्ञानिक अनुसन्धान र विश्लेषण आवश्यक रहेको उहाँको भनाइ छ। ढकालका अनुसार पछिल्ला वर्षहरूमा छोटो अवधिमा अत्यधिक वर्षा हुँदा बाढी, डुबान र पूर्वाधारमा ठूलो क्षति पुग्ने गरेको छ। यस्ता घटनाबाट भएको हानि-नोक्सानीको तथ्याङ्क र अनुभवले अन्तरराष्ट्रिय जलवायु वित्त तथा हानि-नोक्सानी कोषमा नेपालको पहुँच विस्तार गर्न आधार प्रदान गर्न सक्ने उहाँले बताउनुभयो।

ढकालले जलवायु परिवर्तनका कारण मौसमीय चरम घटनाको जोखिम बढिरहेका बेला गाउँबाट सहरतर्फको तीव्र बसाइँसराइले सहरी क्षेत्रमाथि थप दबाब सृजना गरेको बताउनुभयो। "तीव्र सहरीकरण भए पनि त्यसअनुसारको पूर्वाधार विकास र योजनाबद्ध व्यवस्थापन हुन नसक्दा जलवायुजन्य विपद्को जोखिम झन् बढ्दै गएको छ", उहाँले भन्नुभयो।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नृत्यदेवी र पद्मपाणि लोकेश्वरको प्राचीन मूर्ति नेपाल फिर्ता

**पूर्णप्रसाद मिश्र**
काठमाडौँ, २३ असार (रासस)।

नेपालबाट हराएर अमेरिका पुऱ्याइएका पुरातात्विक महत्वको नृत्यदेवी र पद्मपाणि लोकेश्वरको प्राचीन मूर्ति फिर्ता गरिएको छ।

पुरातत्व विभागले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा ती मूर्ति फिर्ता भएको जानकारी गराइएको हो। फिर्ता भएकामध्ये संयुक्त राज्य अमेरिकाको न्यूयोर्क (म्यानह्याटन) स्थित महानगरीय कला सङ्ग्रहालयमा रहेको १६ औँ शताब्दीको काठको नृत्यदेवीको मूर्ति एउटा हो। सो मूर्ति पाटनको इबहाबहीबाट विसं २०४५/२०४६ तिर हराएको थियो।

अमेरिकाकै सिएस्थित बेर्कली कला सङ्ग्रहालयमा रहेको तामाबाट निर्मित सुनौलो रङको पद्मपाणि लोकेश्वरको १३औँ शताब्दीको मूर्ति पनि सोमबार फिर्ता गरिएकोछ। यो मूर्ति काठमाडौँको ठमेलस्थित विक्रमशिला महाविहार (ठबही) बाट सन् १९८० को दशकमा हराएको थियो। दुवै मूर्ति लिन स्थानीय समुदाय पनि विभाग पुगेका थिए।

दुवै मूर्ति अमेरिकाको न्यूयोर्कस्थित जिल्ला अधिवक्ताको कार्यालयको बेचबिखनसम्बन्धी शाखामा राखिएकामा अनुसन्धानका क्रममा नेपालबाट गैर कानुनी रुपमा गएको प्रमाणित भएपछि फिर्ता गरिएको हो। मूर्ति फिर्ता ल्याउन संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित नेपाली वाणिज्य दूतावासका कार्यवाहक महावाणिज्यदूत प्रेमबहादुर बुढथापालाई असार ९ गते हस्तान्तरण गरिएको थियो।

ती वस्तुको उत्पत्तिस्थल नेपाल भएको भनी विभागबाट प्रमाणित भएपछि अन्तरराष्ट्रिय कानुन अनुसार नेपाल फिर्ता गर्न सहज भएको थियो। अमेरिकाका दुवै सङ्ग्रहालयका साथै जिल्ला अधिवक्ताको कार्यालय, न्यूयोर्कले पनि मूर्ति नेपाल फिर्ता ल्याउन सहयोग गरेको विभागले जनाएको छ। त्यसका लागि नेपालबाट संस्कृति, पर्यटन र अर्थ मन्त्रालयले पटकपटक पत्राचारलगायत कानुनी प्रक्रियाका लागि पहल गरेका थिए।

पुरातात्विक महत्वका दुवै सम्पदा नेपाल ल्याउन न्यूयोर्कस्थित नेवाः गुठीले आर्थिक सहयोग गरेको अध्यक्ष राजेन्द्र महर्जनले जानकारी दिनुभयो। अमेरिकामा रहेका गुठीका धेरै जना सदस्यको सहयोगमा सम्भव भएको उहाँको भनाइ थियो। मूर्ति नेपाल ल्याउन सहयोग गर्ने गुठीलाई सोमबार आयोजित कार्यक्रममा विभागले प्रशंसापत्रसहित सम्मान गरेको छ।

फिर्ता भएका सम्पदा सुरक्षा, संरक्षण, अनुसन्धानकर्तासम्मको पहुँचका लागि सोमबारै राष्ट्रिय सङ्ग्रहालयलाई हस्तान्तरण गरिएको छ। ती सम्पदा तीन महिनासम्म राष्ट्रिय सङ्ग्रहालयमा रहने विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले जानकारी दिनुभयो। तीन महिनामा चोरी हुनुअघि मूर्ति रहेको स्थानमा आवश्यक संरचनासहित सुरक्षाको व्यवस्था मिलाएर पुनःस्थापना गरिने पनि उहाँले बताउनुभयो। नेपाल र अमेरिकाबीच सांस्कृतिक आदानप्रदान सम्झौता भएकाले नेपालबाट चोरी भएर अमेरिका पुगेका अन्य सम्पदा पनि छिट्टै नेपाल ल्याउन सहज हुने भनाइ पनि महानिर्देशक प्रधानाङ्गको थियो।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले चोरी भई विदेशमा पुगेका अन्य सम्पदा पनि फिर्ता गराउन मन्त्रालयका तर्फबाट सरोकार भएका सबै निकायको सहयोग जुटाएर ल्याउने प्रक्रिया भइरहेको बताउनुभयो।

यसका लागि सहयोग गर्न सबै सरोकार भएका निकाय एवं सम्पदाप्रेमीलाई उहाँले आह्वान पनि गर्नुभयो। ललितपुर महानगरपालिकाका नगरप्रमुख चिरीबाबु महर्जनले हराएकै स्थानमा मूर्ति पुनःस्थापना गरी पूजा, आराधना गर्ने वातावरण मिलाउन माग गर्नुभयो। त्यसका लागि स्थानीय सरकारका तर्फबाट सुरक्षालगायत आवश्यक सहयोग गरिने पनि उहाँले प्रतिबद्धता जनाउनुभयो।

नेपालबाट चोरी भई अमेरिका पुगेका मूर्ति फिर्ता भएपनि फ्रान्समा पुगेका मूर्ति फिर्ता गर्न सबै प्रक्रिया पूरा भएपछि पनि त्यहाँको संसदले स्वीकृति दिनुपर्ने प्रावधानका कारण केही समय लागेको पनि उहाँले सुनाउनुभयो।

काठमाडौँ महानगरपालिकाका कार्यवाहक नगरप्रमुख सुनिता डङ्गोलले मूर्ति हराउँदा त्यहाँका सम्पदा र संस्कृतिको इतिहास पनि हराउने गरेकाले मूर्तिलाई हराएकै स्थानमा पुनःस्थापना गरेर पूजा, आराधना गरिनुपर्ने बताउनुभयो। चार, पाँच वर्षको मिहिनेतपछि फिर्ता भएका मूर्ति पुनःस्थापना गरी आत्मा जोडिनुपर्नेमा पनि उहाँले जोड दिनुभएको थियो।

नेपालस्थित अमेरिकी दूतावासका माइक हर्करले अमेरिकामा रहेका अन्य नेपाली कला संस्कृतिका सामग्री पनि नेपाली भनी प्रमाणित भएपछि कानुनी प्रक्रिया पूरा गरेर फिर्ता गरिने प्रतिबद्धता जनाउनुभयो। त्यसका लागि अमेरिकी सरकार र दूतावासका तर्फबाकट निरन्तर सहयोग रहने प्रतिबद्धता जनाउनुभयो।

अमेरिकाको सहयोगमा विगत वर्षमा प्रस्तरको चतुर्मुखी शिवलिङ्ग, प्रस्तरको उमामहेश्वरको मूर्ति, प्रस्तरको नागराजको मूर्ति, पद्मपाणि लोकेश्वर अर्थात् बोधिसत्व अवलोकितेश्वर मूर्ति र प्रस्तरको शाक्यमुनिको मूर्ति पनि नेपाल फिर्ता भएको थियो।

प्रस्तरको चतुर्मुखी शिवलिङ्ग विशेष प्रकारको छ। तीन तहको यो मूर्तिमा ब्रम्हभाग, विष्णुभाग र शङ्करभाग छ। खम्बामाथि बनेको यो मूर्ति सन् १९८० को आसपासमा पशुपति क्षेत्रबाट हराएको थियो।

प्रस्तरको उमामहेश्वरको मूर्ति ललितपुर महानगरपालिका-११ गाः हिटी टोलमा रहेको थियो। त्यो मूर्ति सन् १९६० मा हराएको हो। यो मूर्ति १० औं शताब्दीको हो। यो मूर्ति अमेरिकाको डेनभर आर्ट सङ्ग्रहालयको एसिया सङ्कलनमा भेटिएको थियो।

प्रस्तरको नागराजको मूर्ति १२ औं वा १३ औं शताब्दीको हो। यो मूर्ति राजकीय स्वरुपको मानवाकार छ। यो मूर्ति सन् १९८२ मा नक्साल क्षेत्रबाट हराएको हो। पद्मपाणि लोकेश्वर अर्थात् बोधिसत्व अवलोकितेश्वर मूर्ति सन् १९५० तिर हराएको विभागले जनाएको छ। यो मूर्ति अमेरिकाको एक निजी कम्पनीको सङ्कलनमा रहेको थियो।

प्रस्तरको शाक्यमुनिको मूर्ति पनि सन् १९५० कै दशकमा हराएको हो। त्यो मूर्ति पनि अमेरिकाको एक निजी कम्पनीको सङ्कलनमा रहेको थियो। युपिएस कार्गोले पनि ती मूर्ति निःशुल्क फिर्ता गराउन सहयोग गरेको थियो। अ(मेरिकामा ती सामग्री सङ्ग्रह गरेका निकाय एवं कम्पनीले पनि सहयोग गरेको विभागले जनाएको छ।



अनुरोधकर्ता
रुपनी गाउँपालिकाको कार्यालय, सप्तरी

## विश्व समाचार

### हर्मुजमा ट्याङ्करमाथि प्रहार, तनाव चुलियो

दुबई (संयुक्त अरब इमिरेट्स), २३ असार (रासस/एपी)

इरानका दिवङ्गत सर्वोच्च नेता अयातुल्ला अली खामेनीको अन्त्येष्टि जारी रहेका बेला विश्व ऊर्जा आपूर्तिको प्रमुख समुद्री मार्ग हर्मुज जलघाँटीमा फेरि एकपटक ट्याङ्करमाथि प्रहार भएको छ। ओमानको तट नजिक यात्रा गरिरहेको तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) बोकेको ट्याङ्करमा मङ्गलबार बिहान प्रहार भएपछि आगलागी भएको बेलायती सेनाले जनाएको छ। घटनाले यस क्षेत्रको सुरक्षा, अन्तर्राष्ट्रिय व्यापार र इरान-अमेरिका तनावलाई थप जटिल बनाएको छ।

बेलायतको युनाइटेड किङ्डम मेरिटाइम ट्रेड अपरेसन्स (युकेएमटीओ) का अनुसार ओमानको लिमाह क्षेत्र नजिक दक्षिणतर्फ गइरहेको ट्याङ्करको बायाँ भागमा प्रक्षेप्य प्रहार भएको थियो। आगलागी भए पनि घटनाबाट वातावरणीय क्षति नभएको र सम्बन्धित निकायहरूले अनुसन्धान अघि बढाइरहेको जनाइएको छ।

पर्सियन खाडी र ओमानको खाडी जोड्ने हर्मुज जलघाँटी विश्वकै सबैभन्दा व्यस्त ऊर्जा व्यापारिक मार्गमध्ये एक हो। विश्वको करिब पाँचौं भाग तेल तथा प्राकृतिक ग्यास यही मार्ग हुँदै ओसारपसार हुने भएकाले त्यहाँ हुने प्रत्येक सुरक्षा घटनाले अन्तर्राष्ट्रिय बजारमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ।

इरानी सरकारी टेलिभिजनले कतारबाट एलएनजी बोकेको ट्याङ्कर आक्रमणमा परेको जनाएको भए पनि आक्रमणको जिम्मेवारी तेहरानले औपचारिक रूपमा स्वीकार गरेको छैन। यसअघि इरानले आफ्नो स्वीकृत समुद्री मार्गबाहेक अन्य मार्ग प्रयोग गर्ने जहाजहरूलाई चेतावनी दिँदै आएको थियो। गत बिहीबार इरानको संयुक्त सैन्य कमान्डले जलघाँटीबाट गुड्ने सबै तेल ट्याङ्करले स्वीकृत मार्ग प्रयोग गर्नुपर्ने र अमेरिकी सैन्य हस्तक्षेप भए त्यसको 'द्रुत र निर्णायक' जवाफ दिइने चेतावनी दिएको थियो।

यसैबीच, जलघाँटी पूर्ण रूपमा खुलाउने, इरानको विवादास्पद आणविक कार्यक्रम सीमित गर्ने तथा फेब्रुअरी २८ देखि सुरु भएको युद्धको स्थायी अन्त्य खोज्ने उद्देश्यले अमेरिका र इरानबीच वार्ता अघि बढाउने प्रयास जारी रहे पनि खामेनीको अन्त्येष्टिका कारण वार्ता केही समयका लागि स्थगित भएको जनाइएको छ।

सोमबार ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई सम्झौता गर्न आग्रह गर्दै त्यसो नभए थप कडा कदम चाल्ने चेतावनी दिनुभएको थियो। उहाँले सम्झौता गर्न चाहेको बताउँदै आवश्यक परे इरानको पूर्वाधार र ऊर्जा प्रणालीमाथि आक्रमण गर्न सकिने धारणा व्यक्त गर्नुभएको थियो।

दुवै पक्षबीच ६० दिनसम्म जहाजलाई शुल्कबिनै आवतजावत गर्न दिने अस्थायी सहमति भए पनि इरानले भविष्यमा समुद्री मार्गको नियन्त्रण र शुल्क असुलीको अधिकार कायम राख्नुपर्ने अडान लिएको छ। अमेरिका र खाडी क्षेत्रका धेरै मुलुकले भने त्यस्तो व्यवस्था स्वीकार नगर्ने स्पष्ट पारेका छन्। ओमान र संयुक्त राष्ट्रसङ्घका निकायहरूले वैकल्पिक समुद्री मार्ग प्रयोग गर्ने प्रयासले यसअघि पनि क्षेत्रमा तनाव र आक्रमण निम्त्याएको बताएका छन्।

डाटा विश्लेषण संस्था केप्लरका अनुसार गत सप्ताहन्तमा मात्र कम्तीमा १०८ वटा जहाजले विभिन्न मार्ग प्रयोग गर्दै हर्मुज जलघाँटी पार गरेका थिए।

यसैबीच इरानमा खामेनीको अन्त्येष्टिमा सहभागी हुन लाखौं शोकाकुल कोम सहरमा भेला भएका छन्। इरानी सरकारी टेलिभिजनले जामकारान मस्जिदतर्फ जाँदै गरेका जनसागरको प्रत्यक्ष दृश्य प्रसारण गरेको थियो। शोकयात्रामा खामेनी र उहाँका उत्तराधिकारी तथा नयाँ सर्वोच्च नेता अयातुल्ला मोजतबा खामेनीका तस्बिर बोकेका ब्यानर प्रदर्शन गरिएको थियो।

मोजतबा खामेनी भने हालसम्म सार्वजनिक रूपमा अन्त्येष्टि कार्यक्रममा उपस्थित हुनुभएको छैन। युद्धका क्रममा भएको हवाई आक्रमणमा घाइते भएपछि उहाँ सुरक्षित स्थानमा रहेको अनुमान गरिएको छ। युद्धको उत्कर्षमा इजरायलले वरिष्ठ इरानी नेतृत्वलाई लक्षित आक्रमण गरेको र मोजतबा खामेनीलाई समेत निशाना बनाउने चेतावनी दिएको थियो।

छयासी वर्षको उमेरमा निधन भएका अयातुल्ला अली खामेनीलाई उहाँको जन्मस्थल मशहदस्थित इमाम रेजा मन्दिरमा शनिबार दफन गरिएको थियो। अन्त्येष्टि र राष्ट्रिय शोकका कारण इरानका धेरै क्षेत्रमा सडक, हवाई सेवा तथा दैनिक गतिविधिमा व्यापक प्रतिबन्ध लगाइएको छ।

# मल वितरणमा सरकारी संयन्त्र चुस्तः १९ दिनमै साढे ४० हजार मेट्रिकटन आपूर्ति

काठमाडौं, २३ असार (रासस) । यसवर्ष मनसुन सक्रिय भएसँगै देशभर धान रोपाइँ सुरु भएको छ । रोपाइँकै यो अभियानका बीच विगतका वर्षहरूमा जस्तो यसपटक किसानले रासायनिक मलको अभाव भने झेल्नुपरेको छैन ।

असारको सुरुआती १९ दिनमै साढे ४० हजार मेट्रिकटनभन्दा बढी रासायनिक मलको सहज बिक्री-वितरण भइसकेको छ । यसबाट मल आपूर्ति प्रणालीमा सरकारको पूर्वतयारी सहितको उपस्थितिले पुष्टि गरेको बताइएको छ ।

यही असार १ देखि १९ गतेसम्मको सरकारी तथ्याङ्कअनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत कूल ४० हजार ५६९.२५ मेट्रिक टन रासायनिक मल किसानको खेतबारीसम्म पुगिसकेको छ ।

"विगतका वर्षहरूमा धान रोपाइँको मुख्ययाममै किसानले रासायनिक मल नपाएर सास्ती खेप्नुपर्ने बाध्यात्मक अवस्था थियो", "प्रधानमन्त्री बालेन्द्र शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहाल भन्नुहुन्छ, "तर यसपटक सरकारले बेलैमा आपूर्ति व्यवस्थापन, भण्डारण र वितरण प्रणालीलाई वैज्ञानिक र चुस्त बनाएका कारण किसानले माग गरेकै समयमा सहज रूपमा मल पाइरहेका छन् ।"

यसबाट राष्ट्रिय आपूर्तिमा सरकारी निकायका बीचको समन्वय पनि निकै प्रभावकारी देखिएको छ । कूल वितरणमध्ये कृषि सामग्री कम्पनी लिमिटेडले २६ हजार ९९४.६५ मेट्रिकटन आपूर्ति गर्दै वितरणको ठूलो हिस्सा सम्हालेको छ । साल्ट ट्रेडिङ कर्पोरेसनले १३ हजार ५७४.६ मेट्रिकटन मल उपभोक्ता समक्ष पुऱ्याएर बजारको मागलाई सन्तुलित बनाएको छ ।

रापोइँको समयमा मलको आवश्यकताका बारेमा जानकार रहेको सरकारी संयन्त्रले मागअनुसार कै मल बजारमा पठाएका कारण यस अवधिमा सबैभन्दा बढी २३ हजार ४८२.४ मेट्रिकटन युरिया, १७ हजार ७४९ मेट्रिकटन डिएपी र दुई हजार ३३७ मेट्रिकटन पोटास मल किसानले सहजै प्राप्त गर्न सकेका हुन् ।

विगतका अनुभवहरूलाई हेर्दा असार १५ गते (राष्ट्रिय धान दिवस) को आसपासमा मलको माग अत्यधिक भई प्रणाली नै प्रभावित हुने गर्दथ्यो । असारको सुरुमा दैनिक औसत बिक्री ८७६.४५ मेट्रिकटन मात्र रहेकोमा असार १५ गते बढेर चार हजार ८७७.१५ मेट्रिकटन पुगेको थियो । विगतका कैयौं बर्षका तुलनामा यो सबैभन्दा धेरै मात्रा हो ।

तर, माग सँगसँगै वितरण प्रणालीलाई पनि समानान्तर रूपमा चुस्त राखिएकाले एकैदिन झण्डै पाँच हजार टन मल वितरण हुँदासमेत कतै पनि आपूर्ति शृङ्खला नखल्बलिएको कृषिका अधिकारीहरु बताउँछन् ।

प्रेस तथा अनुसन्धान विज्ञ दाहाल भन्नुहुन्छ, "असार १५ गते एकैदिन करिब पाँच हजार मेट्रिकटन मल कुनै अवरोध विना किसानको हातमा पुग्नु आफैँमा सरकारी संयन्त्रको प्रभावकारिता र किसानप्रतिको जवाफदेहिताको बलियो प्रमाण हो । आगामी दिनमा पनि मलको अभाव हुन नदिन प्रधानमन्त्री कार्यालयले निरन्तर अनुगमन र समन्वय गरिरहेकै छ ।"

समयमै बजेट सुनिश्चितता, वैदेशिक खरिद प्रक्रियाको पूर्वतयारी र जिल्ला-जिल्लामा रहेका डिपोको निरन्तर निगरानीका कारण यसवर्ष रासायनिक मलको मौज्दात पर्याप्त रहेको छ ।

सरकारको योजनाबद्ध पहल र सक्रिय अग्रसरताले बाँकी यामहरूमा पनि कृषि क्षेत्रमा आवश्यक सहयोग, समन्वय तथा उत्साहलाई निरन्तरता दिने विश्वास व्यक्त गरिएको छ ।

# मधेस प्रदेशसभा परिसरमा पुस्तकालय सञ्चालन

जनकपुरधाम, २३ असार (रासस) । संसद्भित्र अध्ययन, अनुसन्धान र बौद्धिक संस्कृतिको विकास हुनु लोकतन्त्रको गुणस्तर मापन गर्ने महत्वपूर्ण आधार मानिन्छ । यही सोचलाई व्यवहारमा उतार्ने प्रयासस्वरूप मधेस प्रदेशसभा परिसरमा स्थापना गरिएको पुस्तकालयलाई प्रदेशको संसदीय इतिहासमा दूरगामी र स्वागतयोग्य उपलब्धिका रूपमा हेरिएको छ ।

पुस्तकालय केवल पुस्तक राख्ने कोठा होइन, विचारको संगम, अनुभवको भण्डार र भविष्यका निर्णयलाई दिशा दिने ज्ञानको केन्द्र हो । प्रदेशसभामा प्रस्तुत हुने विधेयक, बजेट, सार्वजनिक नीति, विकास योजना तथा जनसरोकारका विषयमा सांसदहरूले गहन अध्ययन गरी धारणा निर्माण गर्नुपर्ने आवश्यकता महसुस गर्दै प्रदेशसभा सचिवालय परिसरमा सञ्चालनमा ल्याइएको पुस्तकालयले सांसद, कर्मचारी, कानुन व्यवसायी, अनुसन्धानकर्ता, सञ्चारकर्मी तथा विद्यार्थीलाई एउटै थलोबाट आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराउने विश्वास गरिएको छ ।

यही असार ४ गतेदेखि सञ्चालन भएको पुस्तकालयमा नेपालको संविधान, सङ्घीय तथा प्रदेश कानुन, संसदीय कार्य सञ्चालनसम्बन्धी दस्तावेज, सार्वजनिक नीति, अर्थतन्त्र, सङ्घीयता, राजनीतिक इतिहास, समाजशास्त्र, कृषि, शिक्षा, स्वास्थ्य, महिला तथा बालअधिकार, वातावरण, स्थानीय शासन, अन्तरराष्ट्रिय सम्बन्ध र लोकतान्त्रिक अभ्याससँग सम्बन्धित पुस्तकहरू समावेश गरिएका छन् ।

साथै प्रदेशसभाका बैठकका कार्यवृत्त, समिति प्रतिवेदन, विधेयक, वार्षिक प्रतिवेदन तथा अन्य महत्वपूर्ण अभिलेखलाई क्रमशः व्यवस्थित रूपमा सङ्कलन गर्ने योजना बनाइएको प्रदेशसभा सचिवालयका सचिव वासुप्रसाद कोइराला बताउनुहुन्छ । यसले प्रदेशसभाको संस्थागत स्मृतिलाई सुरक्षित राख्न पनि महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ छ ।

"यो पुस्तकालयको उपयोगिता सांसदसम्म मात्र सीमित रहने छैन", उहाँ भन्नुहुन्छ, "प्रदेशसभा सचिवालयका कर्मचारी, विश्वविद्यालयका विद्यार्थी, नीति विश्लेषक, अनुसन्धानकर्ता तथा सञ्चारकर्मीका लागि पनि यो महत्वपूर्ण अध्ययन केन्द्र बन्ने अपेक्षा गरेका छौं ।" विशेषतः तथ्यमा आधारित समाचार, अनुसन्धान तथा विश्लेषणात्मक सामग्री तयार गर्न पुस्तकालय प्रभावकारी स्रोत बन्न सक्ने उहाँ बताउनुहुन्छ ।

विधेयक पारित गर्नुअघि त्यसको सामाजिक, आर्थिक, कानुनी तथा प्रशासनिक प्रभावको गम्भीर अध्ययन आवश्यक हुन्छ । विकसित लोकतान्त्रिक मुलुकहरूमा सांसदहरूले पुस्तकालय र अनुसन्धान केन्द्रबाट प्राप्त तथ्य, प्रतिवेदन तथा अन्तरराष्ट्रिय अभ्यासको अध्ययनपछि मात्रै संसद्मा धारणा प्रस्तुत गर्ने परम्परा स्थापित भएको छ । त्यही अभ्यासलाई मधेस प्रदेशसभामा पनि संस्थागत गर्ने दिशामा पुस्तकालय एउटा बलियो आधार बन्ने मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवको भनाइ छ ।

पुस्तकालय सञ्चालनमा आएपछि सांसदहरूले विषयगत रूपमा तयारी गरेर तथ्यसहित बहस गर्ने वातावरण विस्तार हुनेछ । "पुस्तकालयले संसदभित्र हुने छलफललाई अझ परिपक्व, सन्तुलित र परिणाममुखी बनाउने अपेक्षा गरेका छौं", सभामुख यादव भन्नुहुन्छ, "समयको मागअनुसार पुस्तकालयलाई आधुनिक प्रविधिसँग जोड्ने योजना छ ।" पुस्तक, अभिलेख र प्रतिवेदनलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गर्दै ई-बुक, डिजिटल अभिलेख, अनलाइन खोज प्रणाली तथा इलेक्ट्रोनिक सन्दर्भ सामग्रीको व्यवस्था गर्न भविष्यमा डिजिटल पुस्तकालयको अवधारणा पूर्ण रूपमा कार्यान्वयन गर्ने योजना रहेको सभामुख यादवको कथन छ ।

प्रदेशसभा परिसरमा स्थापना गरिएको पुस्तकालयले सांसद, कर्मचारी, सञ्चारकर्मी, अनुसन्धानकर्ता तथा अध्ययनमा रुचि राख्ने सबैका लागि ज्ञानको साझा केन्द्रका रूपमा काम गर्ने उहाँको विश्वास छ । पुस्तकालयमा हाल ५०० भन्दा बढी पुस्तक उपलब्ध रहेको जानकारी दिनुहुँदै निकट भविष्यमा ई-लाइब्रेरी सञ्चालनमा ल्याइने सभामुख यादव बताउनुहुन्छ ।

पुस्तकालय स्थापनाले प्रदेशसभाको संस्थागत क्षमता अभिवृद्धि हुनुका साथै अध्ययनशील, उत्तरदायी र दूरदर्शी संसदीय अभ्यासलाई थप मजबुत बनाउने उहाँको भनाइ छ ।

## एसइई पूरक ...

प्रतिशत छात्रछात्रा उत्तीर्ण भएका परीक्षा नियन्त्रक टुकराज अधिकारीले बताउनुभयो ।

यही असार १ गतेदेखि ९ गतेसम्म सञ्चालन भएको पूरक परीक्षामा सहभागी हुन एक लाख ४६ हजार ५०७ परीक्षार्थीले आवेदन दिएकामा एक लाख २९ हजार ११४ जना परीक्षार्थी मात्रै सहभागि भएको उहाँले जानकारी दिनुभयो ।

परीक्षार्थीले राष्ट्रिय परीक्षा बोर्ड र परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट, एसएमएस, युएसएसडी तथा आइभीआर सेवामार्फत नतिजा हेर्न सक्ने उहाँले जानकारी दिनुभयो ।

नतिजा हेर्न सिम्बोल नम्बर र जन्ममिति प्रयोग गरी ग्रेडसिट डाउनलोड गर्ने व्यवस्था पनि गरिएको छ ।

परीक्षार्थीको नतिजाप्रति चित्त नबुझेका परीक्षार्थीले असार २५ गतेदेखि ३१ गतेसम्म अनलाइनमार्फत पुनर्योग, उत्तरपुस्तिका अवलोकन तथा पुनः परीक्षणका लागि आवेदन दिन सक्ने उहाँले जानकारी दिनुभयो ।

# घरजग्गाको कारोबार बागमती प्रदेशमा बढ्यो, मधेसमा घट्योः प्रतिवेदन

काठमाडौं, २३ असार (रासस) । चालु आर्थिक वर्षको नौ महिनामा बागमती प्रदेशमा घरजग्गाको कारोबार ३३.०१ प्रतिशतले बृद्धि भएको छ ।

नेपाल राष्ट्र बैंकद्वारा सोमबार यहाँ जारी घरजग्गा कारोबारको प्रवृत्ति तथा वर्तमान स्थिति प्रतिवेदनमा बागमती प्रदेशमा घरजग्गाको राजीनामा कारोबारमा वृद्धि भएको जनाएको छ ।

राष्ट्र बैंकका अनुसार सोही अवधिमा मधेस प्रदेशमा भने ४.७९ प्रतिशतले घरजग्गा कारोबार घटेको छ ।

राष्ट्र बैंकका अनुसार आव २०८१/८२ को नौ महिनाको तुलनामा चालु आवको ११ महिनामा घरजग्गाको कुल कारोबारको सङ्ख्या अघिल्लो आवको सोही अवधिको तुलनामा ६.४२ प्रतिशतले बढेको छ ।


अघिल्लो आवको सोही अवधिमा यस्तो कारोबार सङ्ख्या ४.५२ प्रतिशतले घटेको थियो । राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा घरजग्गा कारोबारमध्ये लिखत पारितअन्तर्गतको कारोबार सङ्ख्या ०.६२ प्रतिशतले बढेको छ ।

अघिल्लो आवको पहिलो त्रैमासमा यस्तो कारोबार सङ्ख्या ६.७१ प्रतिशतले घटेको थियो । राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा लिखत पारितअन्तर्गतको राजीनामा कारोबारको सङ्ख्या १२.१७ प्रतिशतले बढेको छ । अघिल्लो आवको तेस्रो त्रैमासमा यस्तो कारोबार सङ्ख्या ३.२६ प्रतिशतले घटेको छ ।

राष्ट्र बैंकका अनुसार चालु आवको नौ महिनामा रु एक खर्ब ८३ अर्ब ९० करोडबराबरको घरजग्गाको कारोबार भएको छ । जबकि अघिल्लो आवको सोही अवधिमा भने रु एक खर्ब सात करोड मूल्यबराबरको घरजग्गाको कारोबार भएको थियो । चालु आवको नौ महिनामा घरजग्गा कारोबारबाट सङ्कलन भएको राजस्व २३.७२ प्रतिशतले बढेको छ । अघिल्लो आवको तेस्रो त्रैमासमा यस्तो राजस्व १३.४७ प्रतिशतले बढेको थियो ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np